# नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी सङ्गठन

# National Telecom Employees' Association of Nepal (NTEAN)

## केन्द्रीय समिति

प.सं.:०८०/८१ च.नं.:

२०४६ सालको प्रजातन्त्र प्राप्तिको आन्दोलनसंगै स्थापित भएको नेपाल टेलिकमको पहिलो ट्रेड युनियन नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी सङ्गठन (NTEAN) को मिति २०८० माघ २६-२७ गते "***संस्था समृद्धिमा हाम्रो ध्यान, असल कार्य संस्कृति NTEAN अभियान***" भन्ने मूल नाराका साथ गण्डकी प्रदेशको पर्यटकीय नगरी पोखराको सृजना चोक स्थित साइमन पार्टी प्यालेसमा १०औं केन्द्रीय परिषद सम्पन्न भएको छ। नेकपा एमालेको उपाध्यक्ष तथा नेपाल सरकारका पूर्व उप-प्रधानमन्त्री तथा अर्थमन्त्री माननीय श्री बिष्णु पौडेलको प्रमूख आतिथ्यतामा सम्पन्न भएको परिषदमा संगठनको आन्तरिक जीवन तर्फ बिगतको समिक्षा तथा भावी कार्यदिशाको सन्दर्भमा गहन छलफल गरी सांगठनिक, आर्थिक तथा धान संसोधन सम्बन्धि प्रस्तावहरु सुझाव सहित पारित गरिएको थियो। परिषदले नेपाल टेलिकमको बर्तमान अवस्था, सम्भावना, चुनौती लगायतका बिबिध बिषयमा गहन छलफल गरी संस्था समृद्धि तथा कर्मचारी सरोकारका बिषयमा तत्काल गर्नुपर्ने तपशिलका कार्यहरु गर्न परिषदको सिंगो हललेे देहायका प्रस्तावहरु पारित गरेको छ।

### प्रस्तावहरू:

#### संस्थागत सुधार

१. GSM सेवाको अनुमति पत्र अवधि यही २०८१ वैशाखमा सकिने हुँदा व्यावहारिक एवं वैज्ञानिक शुल्क सहित नयाँ अनुमति पत्रको प्रक्रियामा जान यो हाल जोडदार माग गर्दछ।

२. 4G/LTE प्रोजेक्ट अन्तर्गत सम्पन्न हुन बाँकी कार्यहरू अविलम्ब सम्पन्न गरी आवश्यक क्षेत्रहरूमा थप सेवा बिस्तारको कार्य योजना तत्काल सार्वजनिक गर्न कम्पनी व्यवस्थापन समक्ष यो हल जोडदार माग गर्दछ।

३ FTTH सेवालाई प्रतिस्पर्धी तथा ग्राहक मैत्री बनाउन हालको योजना कार्यान्वयनको प्रगति मूल्याङ्कन एवम् पुनरावलोकन गर्न र OLT To FAP Network बनाएर तत्काल सेवा बिस्तार गर्न यो हाल जोडदार माग गर्दछ।

४. कम्पनीको सेवा वितरणमा गुणस्तरीय सामग्री प्रयोगको सुनिश्चितता गर्न सर्वाधिक ग्राहक मैत्री पछिल्ला प्रविधि र उपकरण यथा समयमा उपलब्ध हुने व्यवस्था गर्न यो हाल जोडदार माग गर्दछ।

५. कम्पनीको ग्राहक आधार, आम्दानी तथा नाफा अभिवृद्धि गर्न लाभ लागत विश्लेषणका आधारमा सेवाहरूको छनौट, विकास तथा बिस्तार गर्ने रणनीति अवलम्बन गर्न यो हल जोडदार माग गर्दछ।

६. कम्पनीसँग उपलब्ध दूर सञ्चार प्रविधि, उपकरण, जनशक्ति, नेटवर्क आदिको अत्युत्तम उपयोग गरी कम्पनीको बजार हिस्सा र नाफा वृद्धि गर्न अन्य सेवा प्रदायक तथा व्यावसायिक साझेदारहरूसँग सहकार्य वृद्धि गर्न गर्न यो हाल जोडदार माग गर्दछ।

७. तिनै तहका सरकार एवम् सरकारी,अर्धसरकारी, संघ संस्था लगायतमा कम्पनीका सेवाहरू प्रयोग/उपभोग अनिवार्य गर्ने नीतिगत व्यवस्था गर्ने नेपाल सरकार समक्ष यो हाल जोडदार माग गर्दछ।

८. विश्वस्तरीय एवं नवीनतम दूरसञ्चार प्रविधि सहित कम्पनीको व्यावसायिकता अभिवृद्धि गर्न कम्पनीमा रणनैतिक साझेदार भित्र्याउने प्रक्रिया शुरु गरी सो कार्यान्वयन नभएसम्म व्यवस्थापन करार मार्फत व्यवस्थापकीय सुधारका प्रक्रिया थालनी गर्न यो हल जोडदार माग गर्दछ ।

९. सुचना तथा प्रविधिको क्षेत्रमा भएको तीव्र विकास एवं परिवर्तनलाई आत्मसात गर्दै प्रभावकारी सेवा प्रवाह गर्न समय सापेक्ष तालीम तथा विकास कार्यक्रम मार्फत कर्मचारीको शीप तथा क्षमता अभिवृद्धि गर्ने नीतिगत व्यवस्था गर्न यो हल जोडदार माग गर्दछ।

१०. कम्पनीका सेवाहरुको बजारीकरण तथा प्रवर्धन कार्यलाई सेवा ग्राही लक्षित बनाउन तथा प्रवर्धनका नाममा भई रहेका अनुपादक गतिविधि नियन्त्रण गर्न तत्काल कम्पनीको प्रवर्धन नीति (Promotion Policy) लागु गर्न यो हल जोडदार माग गर्दछ।

प.सं.:०८०/८१ च.नं.:

११. सम्पूर्ण कर्मचारीहरूको सामाजिक सुरक्षाको सुनिश्चितता गर्न पेन्सन लगायतका कर्मचारी दायित्व छुट्टै कोषमा व्यवस्थित गर्न यो हल जोडदार माग गर्दछ।

१२. सञ्चालक समिति तथा कम्पनी उच्च व्यवस्थापनसंग कार्य सम्पादन सम्झौता गरी कार्य सम्पादनका आधारमा मूल्याङ्कन गर्ने व्यवस्था गर्न एवम् कर्मचारी। विनियमावलीको व्यवस्था बमोजिम सबै कर्मचारीलाई कार्य विवरण(Job Discription) अनिवार्य लागु गरी कार्य प्रगतिको आधारमा बस्तुगत मूल्याङ्कन गर्न यो हाल जोडदार माग गर्दछ।

१३. कम्पनीको खरिद तथा स्टोर व्यवस्थापन सम्बन्धी कार्यमा देखिएको कमजोरीको कारण सेवा प्रवाहमा समस्या देखिएको ठहर सहित यो हल फजुल खरिद तथा अव्यवस्थित जिन्सी व्यवस्थापन निरुत्साहित गर्ने योजना ल्याई अविलम्ब कार्यान्वयन गर्न जोडदार माग गर्दछ।

१४. कम्पनीबाट सञ्चालित परियोजनाहरू तथा System हरुको Technical Audit र Third Party Evaluation गर्न यो हल जोडदार माग गर्दछ।

१५. कम्पनीको व्यावाशयिकता अभिवृद्धि हुने तथा कर्मचारीहरुको समेत समानता तथा न्याय संगत ढंगले वृति बिकाशको अवसर सुनिस्चित हुने गरी अविलम्ब कम्पनीको पुनर्संरचना गर्न यो हल जोडदार माग गर्दछ।

**पेशागत हकहित तथा सुरक्षा :**

१६. तत्कालीन नेपाल दूरसञ्चार संस्थानबाट कम्पनीमा परिणत हुँदा संस्थानका कर्मचारीहरूलाई उपलब्ध गराएको ५ ग्रेड उपलब्ध गराउन एवम् कम्पनिकरणका क्रममा यस संगठनसँग मिति २०६०/१०/०२ मा भएको ५ बुंदे सहमति बमोजिम कर्मचारीहरूको सेवा सर्त सुविधा नघट्ने सुनिश्चितता गर्न यो हाल जोडदार माग गर्दछ।

१७. २०५७/०४/०१ अघिको व्यवस्था एवम् सम्मानित सर्वोच्च अदालतको फैसला बमोजिम प्राविधिक २ ग्रेड अबिलम्ब उपलब्ध गराउन यो हल जोडदार माग गर्दछ।

१८. विनियम संशोधन मार्फत कर्मचारीहरूले उपभोग गरिरहेको विशेष बढुवाको व्यवस्थालाई पुनर्स्थापना गर्न यो हल जोडदार माग गर्दछ।

१९. कम्पनी ऐनमा भएको व्यवस्था बमोजिम सञ्चालक समितिको निर्णय नै अन्तिम हुनुपर्ने व्यवस्था विपरीत विभिन्न सरोकारवाला निकायहरुका नाममा निर्णय प्रक्रिया अड्काउने, लम्ब्याउने वा रोक्ने प्रथाको अन्त्य गर्न यो हल जोडदार माग गर्दछ। साथै यस अघि सञ्चालक समितिबाट निर्णय भईसकेका ज्यालादारी/अस्थायी रूपमा कार्यरत रही २० बर्ष सेवा अवधि नपुग्दै अनिवार्य अवकाश हुने कर्मचारीहरूको पेन्सन तथा उपदान दिने, Price Index को आधारमा महँगी भत्ता पुनरावलोकन गर्ने, पर्यटन विदा बार्षिक गर्ने, सावधिक जीवन बिमाको बिमाङ्क वृद्धि गर्ने लगायतका कर्मचारी सेवा सुविधा सम्बन्धि निर्णयहरु तत्काल कार्यान्वयन गर्न यो हल जोडदार माग गर्दछ।

२०. कम्पनीको सञ्चालक समितिले टेलिकम भत्ता वितरणका सम्बन्धमा मिति २०७९/०८/२६ मा गरेको निर्णय अनुसार नियमित तथा निर्बाध टेलिकम भत्ता वितरण हुन तथा कम्पनीको साधारण सभा सम्पन्न पश्चात् तत्काल कर्मचारी बोनस वितरण हुन जोडदार माग गर्दछ।

२१. राष्ट्रिय तथा अन्तरराष्ट्रिय श्रम कानून तथा कम्पनीको लामो समयदेखिको अभ्यास अनुकुल कार्य सम्पादन मूल्यांकन गर्ने अधिकार नभएका कार्यालय प्रमूख तथा तह ९ सम्मका कर्मचारीहरुलाई ट्रेड युनियन अधिकार निर्वाध उपभोग हुने गरी नीतिगत व्यवस्था गर्न यो हल जोडदार माग गर्दछ।

गोविन्द ढुंगाना
प्रचार प्रसार उप महासचिव

"दूरसञ्चारकर्मीहरु एकजुट होऔं"

# नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी सङ्गठन

National Telecom Employees' Association of Nepal (NTEAN)

केन्द्रीय समिति

प.सं.:०८०/८१ च.नं.:

मिति: २०८०।१०।२७

## प्रेस विज्ञप्ति

**"संस्था समृद्धिमा हाम्रो ध्यान, असल कार्य संस्कृति NTEAN अभियान"** नारा सहित २०८० माघ २६ गते यस नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी सङ्गठन (NTEAN) को १० औ केन्द्रीय परिषद गण्डकी प्रदेशको पर्यटकीय नगरी पोखरामा भव्यतापूर्वक सम्पन्न भएकोछ। नेपाल कम्युनिस्ट पार्टी एमालेका उपाध्यक्ष एवं नेपाल सरकारका पूर्व उपप्रधान तथा अर्थमन्त्री माननीय श्री बिष्णु पौडेलको प्रमुख आतिथ्यतामा उदघाटन भएको उक्त समारोहमा पेसागत महासङ्घ नेपालका अध्यक्ष श्री पुण्य ढकाल र कम्पनीका प्रबन्ध निर्देशक श्री संगीता पहाडी विशेष अतिथि, गण्डकी प्रदेशका पुर्व मुख्य मन्त्री, नेपाल टेलिकमका कर्मचारी प्रतिनिधि सञ्चालक, कम्पनीमा क्रियाशील अन्य ट्रेड युनियनका अध्यक्ष, कम्पनीका नायव प्रबन्ध निर्देशकहरु, सार्वजनिक संस्था कर्मचारी संगठनका प्रतिनिधि लगायत विभिन्न पेसा क्षेत्रका प्रतिनिधिहरु अतिथिको रुपमा सहभागी रहनु भएको थियो।

प्रमुख अतिथि, विशेष अतिथि, अतिथिज्यूहरूले उद्घाटन समारोहमा शुभकामना मन्तव्य राख्नु भएको थियो। केन्द्रीय समिति, केन्द्रीय विभागहरू, प्रादेशिक समिति तथा इकाई समितिका \देशैभरबाट प्रतिनिधित्व गर्ने २०० जना पार्षदहरुको सहभागीता रहेको परिषदमा विगतमा सङ्गठनले कम्पनी, कर्मचारी र सेवाग्राहीको पक्षमा खेलेको भूमिकाको समीक्षा गर्दै कर्मचारी, कम्पनी तथा ग्राहकको वर्तमान अवस्थाको बस्तुगत विश्लेषण सहित आगामी दिनको बृहत्तर हितको लागि तय गर्नुपर्ने कार्यदिशाको विषयमा गहन बिचार विमर्श गरिएको थियो। परिषदले सांगठनिक, आर्थिक प्रतिवेदनतथा समयको माग वमोजिम विधान संसोधन गरी केन्द्रीय परिषद भव्य र सभ्य रूपमा सम्पन्न भएको छ। साथै,परिषदले कम्पनीको स्वायत्तता, व्यवस्थापकीय सुधार, लगानी विविधीकरण, श्रोत उपयोग, कम्पनीको पुनर्संरचना, प्रविधि र पूर्वाधार, साइवर सुरक्षा, ग्राहक सेवा, दूरसञ्चार क्षेत्रको स्थायित्व, कार्य संस्कृति र कर्मचारी सरोकारमा आगामी यात्राको दृष्टिकोण सहितको **पोखरा घोषणा पत्र २०८०: रूपान्तरण** जारी गरेको छ। साथै कम्पनीको संस्थागत सुदृढिकरण, सेवा विस्तार र गुणस्तर सुधार र कर्मचारीहरूको वृत्ति विकास एवम् सेवा सुविधा, ट्रेड युनियन अधिकारको लागि सङ्गठन अझ सशक्त ढङ्गले क्रियाशील रहने सङ्कल्प गर्दै २१ बुँदे प्रस्ताव पारित गर्दै परिषद सम्पन्न भएको छ।

परिषदको उद्घाटन समारोहमा उपस्थित प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यूहरू, अतिथिज्यूहरू, कर्मचारी प्रतिनिधि सञ्चालक, कम्पनीका उच्च पदस्थ व्यवस्थापकज्यूहरू, कम्पनीमा क्रियाशील ट्रेड युनियनका प्रतिनिधिज्यूहरू तथा देशभरबाट उपस्थित पार्षद तथा स्वयंसेवकज्यूहरू, कर्मचारी मित्रहरू, पत्रकार मित्रहरू, परिषद सफल बनाउन अहोरात्र खटिनुहुने सहआयोजक गण्डकी प्रादेशिक समितिका सम्पूर्ण पदाधिकारीज्यूहरू, हल उपलब्ध गराई सहयोग गर्ने साइमन पार्टी प्यालेस तथा पोखराका सम्पूर्ण सहयोगी व्यवसायीहरु तथा १०औं परिषद भव्य रुपमा सम्पन्न गर्न प्रत्यक्ष एवम् परोक्ष रुपमा सहयोग गर्ने सबैप्रति हार्दिक **धन्यवाद** व्यक्त गर्दछौ।

गोविन्द ढुंगाना

प्रचार प्रसार उप महासचिव

दर्ता नं १०९३ भद्रकाली प्लाजा काठमाडौ, ☎ ०१-४२१०३०७ , ०१-४२१०४७० @ntc.ntean@ntc.net.np www.ntean.org.np